विराटनगर महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल।

मितिः २०८३/०३/०२

**विषयः संस्था सम्पर्कमा आउने सम्बन्धी अन्तिम पटकको सूचना।**

विराटनगर महानगरपालिकाले विराटनगर महानगरपालिकाको सहकारी ऐन, २०७५ (दोश्रो संशोधन, २०८० सहित) को दफा ५२ र दफा ६७ बमोजिम निष्कृय सहकारी संस्थाको १५ दिने सूचना र खारेजी अगावै ३५ दिने सुनुवाईको मौका सम्बन्धी सूचना प्रकाशित गरी संस्थालाई नियमनको दायरामा ल्याउने प्रयास गरे तापनि तपसिलका ७ वटा सहकारी संस्थाले हालसम्म कुनै तदारुकता नदेखाएको र नियामक निकायबाट जारी भएको सूचना र पटक पटक दिइएको समयसीमा समेत गुजारी संस्थाहरुले बेवास्ता गरी अटेर गरेको पाइएकोले संस्थालाई सम्पर्कमा ल्याई जिम्मेवार बनाउने अभिप्रायले सम्पर्कमा आउन हुन अन्यथा तत् तत् **सहकारी संस्थाका सञ्चालक, लेखा सुपरीवेक्षण समितिका सदस्यहरु, ऋण उप समितिका सदस्यहरु, व्यवस्थापक, जिम्मेवार कर्मचारी लगायत संस्थामा संलग्न देखिएका अन्य व्यक्तिहरु वा निजहरु मध्ये कोहि फेला नपरेको अवस्थामा संस्थापक सदस्य समेतको तीनपुस्ते विवरण सार्वजनिक गर्ने, चल अचल सम्पत्ति रोक्काका लागि लेखी पठाउने लगायत यस महानगरपालिका तथा सम्बन्धित वडा कार्यालयबाट प्रदान गरिने सबै प्रकारका सेवा सुविधा रोक्का गरिने प्रयोजनार्थ** सम्बद्ध सरोकारवाला माझ अन्तिम पटकका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | संस्थाको नाम | ठेगाना | दर्ता नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री ताजा तरकारी तथा फलफूल उत्पादन स.सं.लि. | वि-१२ | ९४४(१४८)०६९/०७० | |
| २. | श्री निलकमल बचत तथा ऋण स.सं.लि. | वि-११ | ९५०(५७४)०६९/०७० | |
| ३. | श्री युनिक बचत तथा ऋण स.सं.लि. | वि-०२ | २३/०५६/०५७ | |
| ४. | श्री शिवम् बचत तथा ऋण स.सं.लि. | वि-१५ | ५१६(२५२)०६५/०६६ | |
| ५. | श्री सामूहिक बचत तथा ऋण स.सं.लि. | वि-१३ | ६२१(३४३)०६६/०६७ | |
| ६. | श्री सिद्धार्थ बहुउद्देश्यीय स.सं.लि. | वि-११ | ८६(२२५)०५८/०५९ | |
| ७. | श्री स्वागतम् बचत तथा ऋण स.सं.लि. | वि-०८ | १०२९(६०१)०६९/०७० | |

०८३/०३/०२

.................................

(विजय कुमार शर्मा)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री सूचना शाखाः वेबसाइटमा सूचना प्रकाशन गरि दिनुहुन।